जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २१४ २०७७ साल असार ३ गते बुधबार (17 June 2020 Wednesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्वन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सप्तरीमा, कोरोना भाइरस र ... ३ पृष्ठमा : रोग प्रतिरोधात्मक क्षमता ... ३ पृष्ठमा :कोरोनभाइरसबाट ...

# झुक्याएर क्वारेन्टाइनबाट निस्केका यूवक कोरोना संक्रमित भएको पुष्टि

## संक्रमित यूवाले दाढी कटाएका हजामसहित एक दर्जन क्वारेन्टाइनमा



यूवकमा कोरोना संक्रमण पुष्टि भएपछि मंगलबार राजविराज नगरपालिका १ डुमरी शिवथानस्थित युवकका छिमेकीहरुमा खैलाबैला मच्चिएको दृश्य । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

डियुटीमा खटिएका स्वास्थ्यकर्मीलाई झुक्याएर क्वारेन्टाइनबाट घर गएका एक यूवकको स्वाब परिक्षणको रिपोर्ट पोजेटिभ आएको छ ।

राजविराज नगरपालिका १ डुमरी शिवथानका ती युवक जेठ १३ गतेदेखी राजविराजस्थित राजदेवी माविको क्वारेन्टाइन केन्द्रमा रहेका थिए । उनी आफ्ना ५१ वर्षिय बाबुसँगै भारतको पञ्जाबबाट फर्के लगत्तै क्वारेन्टाइनमा रहेका थिए । बाबुछोरा सँगै बसे पनि जेठ ३१ गते बाबुको पिसिआर रिपोर्ट नेगेटिभ आएपपछि उनलाई डिस्चार्ज गरिएको थियो ।

यता बाबुको रिपोर्ट नेगेटिभ आएपछि आफ्नो पनि नेगेटिभ नै होला भन्ने ठानेर उनी डिस्चार्ज हुने अर्कै व्यक्तिको नाममा क्वारेन्टाइनका स्टाफलाई झुक्याउँदै भोली पल्ट घर पुगेका थिए । तर, घर पुगेको भोली पल्टै असार १ गते उनको रिपोर्ट पोजेटिभ आएपछि गाउँमा त्रास र खैलाबैला मच्चिएको हो ।

यसैबीच गाँउमा पुगेपछि नजिकैको दाढी काट्ने व्यक्ति हजामलाई घरमै बोलाएर बाबुछोरा दुबैले दाढी काट्न लगाएका थिए । गाउँमै दाढी काट्ने आएको देखेर अन्य १०/११ जनाले पनि दाढी कटाएको स्थानियले बताएका छन् । स्थानियले क्वारेन्टाइनमा खटिएका कर्मचारी र स्वास्थ्यकर्मीको लापरवाहीले कैयौं व्यक्तिको ज्यान जोखीममा परेको गुनासो पोखेका छन् ।

यता संक्रमित यूवक समेतको दाढी काटेका हजामले थप एक दर्जन व्यक्तिको समेत दाढी काटेकाले संक्रमणको त्रास फैलिएको वडा अध्यक्ष चन्द्रशेखर चौधरीले बताए छन् ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले पिसिआर परिक्षण रिपोर्ट नआउँदै क्वारेन्टाइन व्यवस्थापनमा खटिएका कर्मचारीलाई झुक्याएर घर पुगेका व्यक्तिलाई कोरोना पोजेटिभ पुष्टि भएलगत्तै प्रहरीको सहयोगमा सोमबार राती नै नियन्त्रणमा लिई साई कृष्णा अस्पतालको आइसोलेशन कक्षमा राखिएको जानकारी दिए ।

संक्रमित व्यक्तिका परिवारका सबै सदस्य तथा दाढी काट्ने हजामलाई समेत मंगलबार बिहानै क्वारेन्टाइनमा ल्याइसकिएको तथा उनीहरुको सम्पर्कमा आएका व्यक्तिको कन्ट्र्याक्ट ट्रेसिङ कार्य अघि बढाइएको उनले बताए ।

एक व्यक्तिका कारण कोरोनाको जोखिम समुदायमै फैलिने सम्भावना बढेको भन्दै स्थानियले क्वारेन्टाइन स्थलहरुको बन्दोबस्ति र सुरक्षा व्यवस्थाका साथै उक्त घटनाबारे सत्यतथ्य छानबिन हुने माँग गरेका छन् ।

नेपालको संविधान तथा फौजदारी अपराध (संहिता) ऐन लगायत विद्यमान कानुनहरुले व्यक्ति, समुदाय, राज्य, लिंग, जाति, भाषा, धर्म, क्षेत्रको भावनामा आघात पुऱ्याउने गरी कुनै पनि प्रकारको भाषा, साहित्य, लेख, रचना, गीत, चलचित्र, भिडियो निर्माण, प्रकाशन तथा प्रशारण गर्नलाई फौजदारी कसुर ठहर्ने हुँदा जान अन्जानमा त्यस्ता कसुर नगरौं/नगराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाच्छयुँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# अघोषित नाकाबन्दी गरेको भन्दै प्रधानमन्त्रीलाई ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

विगत २४ दिनदेखी अघोषित नाकाबन्दीमा परेको भन्दै सप्तरीको तिरहुत गाउँपालिका ४ दलित बस्तीका बासिन्दाहरुले मंगलबार न्यायका लागि पहल गरिदिन राष्ट्रिय मानवअधिकार आयोगदेखी प्रधानमन्त्रीसम्मलाई ध्यानाकर्षण पत्र पठाएको छ ।

*बाँकी तीन पृष्ठमा*



नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | Prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit | CG Money | MoneyGram money transfer

## सम्पादकीय

### क्वारेन्टाइन केन्द्र व्यवस्थित गर

भारतबाट आउने गरेका व्यक्तिहरुलाई १४ दिनका लागि क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइएको छ। विश्वभर फैलिएको कोरोना भाइरसको महामारीका कारण भारतबाट आउने सम्पूर्ण व्यक्तिहरुलाई १४ दिने क्वारेन्टाइनमा राखि स्वाब परिक्षण गर्ने गरिन्छ। जस मध्ये पोजेटिभ आउनेलाई आइसोलेशनमा तथा नेगेटिभ आउनेलाई घर पठाउने गरिन्छ। तर, सप्तरीका कतिपय क्वारेन्टाइन केन्द्र अव्यवस्थित रुपमा संचालन भइरहेको छ। त्यस्ता केन्द्रमा खान बस्ने भरपर्दो सुविधा समेत छैन्।

क्वारेन्टाइनमा खान र बस्ने व्यवस्था मिलाउने काम स्थानिय तहको हुन्छ। तर, कतिपय स्थानिय तहले नामको मात्र क्वारेन्टाइन संचालन गर्दै आइरहेका छन्। क्वारेन्टाइनको नाममा रकमको दुरुपयोग समेत हुने गरेको छ। यस्ता गम्भिर विषयप्रति हेर्ने निकाय समेत मौन रहेको देखिन्छ। महामारीको यस समयमा विकासीय कार्यको रकमलाई कोरोना रोकथाम तथा नियन्त्रणमै खर्च गर्न निर्देशन पाएपछि अहिले बजेटको दुरुपयोग बढेको छ। कतिपय क्वारेन्टाइनहरुमा खान र बस्न राम्रो व्यवस्था नरहेको भन्दै आन्दोलन नै हुने गरेको छ। स्वास्थ्य जस्तो संवेदनशिल विषयमा समेत स्थानिय सरकारको हेलचक्राइले कस्तो सन्देश दिने हो भने अहिले चासोको विषय बनेको छ।

तसर्थ विश्व नै कोरोनाको चपेटमा आएको बेला मानविय नाताले समेत स्थानिय तहहरु संवेदनशिल हुनु पर्ने आवश्यकता रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सप्तरीमा, कोरोना भाइरस र रोकथाम तथा नियन्त्रणको अवस्था



**अमरनाथ मण्डल**

सम्पूर्ण विश्व नै अहिले कोरोना भाइरस तथा कोभिड-१९ को प्रकोपबाट त्रसित मनस्थितिमा गुज्रिरहेको बेला सम्पूर्ण विश्वको मानवजातीको स्वास्थ्य माथि गम्भिर खतराको संकट उत्पन्न भएको अवस्थामा विश्व नै लकडाउनको मनोदासाबाट गुर्जनुपर्ने बाध्यताको अवस्थामा नेपालमा पनि कोरोना भाइरसको प्रकोप दिन प्रति दिन बढिरहेकोले हालसम्म ६२११ नेपालमा संक्रमण संक्रमितको संख्या रहेको अवस्था छ। दिन प्रति दिन सो अवस्था चार सय हराहारीमा प्रत्येक दिन नेपालमा चेक जाँच भएपछि संक्रमित भेटिरहेका छन्।

वर्तमान अवस्थामा नेपालमा लकडाउनको मारले गर्दा व्यापार व्यवसाय देखि लिएर उद्योग संचालन तथा अन्य व्यवसायिक धरापमा परेपछि नेपालको अर्थतन्त्र पूर्ण रुपमा क्षति भईरहेको अवस्थामा रोजगारी गरी दैनिक जिवनयापन गर्ने कामदारहरुको अवस्था विकराल बन्दै गईरहेको देखिन्छ। नेपाल सरकारको कोरोना भाइरस नियन्त्रण तथा रोकथाम लगायतका अन्य गतिविधिहरुमा सरकार पूर्ण असक्षम बन्दै गईरहेको छ।

यसै क्रममा सप्तरीको कोरोना प्रकोप तथा रोकथाम नियन्त्रण नितिहरुलाई सरकारी स्तरबाट कुन अवस्थामा अख्तियार गरिरहेको अवस्था विश्लेषण गर्ने देखिएको छ। सप्तरीमा हालसम्म १५० जना कोरोना संक्रमित भेटिएका छन् भने निको हुनेको संख्या ३८ पुगेका छन्। भारतबाट रोजगारीको क्रममा फर्केका नेपाली नागरिकहरुलाई क्वारेन्टाइनमा राखी चेकजाँच गर्ने अवस्थामा सप्तरीका क्वारेन्टाइनहरुको अवस्था दिन प्रति दिन संकटमै अवस्था रहेको छ। अधिकांश क्वारेन्टाइनहरुमा एकै बेडमा २-३ जनासम्म राख्ने गरेको तथा क्वारेन्टाइनमा खाना देखि लिएर औषधी चेकजाँच लगायतका गतिविधिहरु अधिकांश क्वारेन्टाइनमा हेर्न नपाएको अवस्था देखिन्छ।

क्वारेन्टाइनमा १५-२० दिन देखि सर्वसाधारणहरु बसिरहेको अवस्थामा पनि चेकजाँच हुन नसकी क्वारेन्टाइनमा बसेका सर्वसाधारणहरुको आफ्नो गुनासो रहेको छ। यता जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले हामी स्वावहरु संकलन गरी जाँचका लागि पठाउने गरेका अवस्थामा विराटनगर, धरान तथा राजविराजमा गजेन्द्र नारायण सिंह अञ्चल अस्पतालहरुमा स्वाव थन्केको अवस्था प्रयाप्त मात्रामा स्वावहरुलाई चेकजाँच गरी केमिकल औषधीहरुको अभाव रहेको बताउनु हुन्छ।

गजेन्द्र नारायण सिंह अञ्चल अस्पताल राजविराजमा एक दिनमा ५० जनाको स्वाब टेस्ट हुने गरेको अवस्थामा अहिले अस्पतालमा २००-३०० सम्म प्रत्येक दिन स्वावहरु टेस्टको लागि आउने गरेको अवस्थामा ५० जना मात्रैको टेस्ट भएपछि अन्य स्वावहरु थन्केका छन्। अस्पतालको प्रशासनिक पक्षको सक्रियताको कमीले गर्दा २-३ सिफ्ट गरी कर्मचारी व्यवस्थापन मिलाई स्वाव टेस्ट गर्दा खेरी दिनमा १०० भन्दा बढी स्वाव टेस्ट हुने अवस्था देखिन्छ। तर व्यवस्थापन पक्षहरुको लापरवाही आफ्नै चरम सिमामा रहेको देखिन्छ।

छिमेकी राष्ट्र भारत र नेपालको साना नाकाहरु सप्तरी जिल्लामा ४-५ वटा रहेको अवस्थामा सो साना नाकाहरुबाट अहिले पनि अवैधाकि रुपमा मानिसहरु ओहोर दोहोर हुने गरेको देखिन्छ। यस्तो जोखिमको अवस्थामा नाकाहरुलाई पूर्ण व्यवस्थित गरी नाकाहरुबाट आउने नेपालीहरुलाई व्यवस्थित क्वारेन्टाइनमा राख्नुपर्ने अवस्था छ। तर स्थानीय निकाय र स्थानीय जनप्रतिनिधिहरुको तदरुपतामा खाँचो देखिएको कारणले गर्दा स्थानीय निकायहरु क्वारेन्टाइन व्यवस्थापनतिर सक्रिय नभई आजको अवस्था क्वारेन्टाइनहरुको अवस्था दयनीय रहेको छ। त्यस्तै सप्तरीको सदरमुकाम राजविराजमा प्रस्तावित साईकृष्णा मेडिकल कलेज भित्रमा राखिएका संक्रमित १०० जना बढी रहेको अवस्थामा स्वास्थ्य क्षेत्रहरुबाट चेकजाँच देखि लिएर अन्य व्यवस्थित गतिविधिहरुमा पूर्ण खाँचो देखिएको छ।

स्थानीय निकायको सक्रियता अनिवार्य हुनु पर्ने अवस्थामा स्थानीय निकायहरुको गैरजिम्मेवारीपनले गर्दा क्वारेन्टाइन तथा आइसोलेसनहरुको अवस्था राम्रो नदेखिएको सन्दर्भ रहेको छ। स्थानीय निकायका जनप्रतिनिधिहरु असार मसान्तको बेला मौका छोपी कोटेशन र उपभोक्ता समिति मार्फत आफ्नो नजिकका भाइभरेदार पार्टी कार्यकर्ता तथा नातागोताहरुलाई उपभोक्ता समिति बनाई लाखौंको भ्रष्टाचार गर्ने मनसायमा व्यस्त देखिएको छ। स्थानीय निकायहरुको बजेटीय प्रणालीलाई कोरोना भाइरस नियन्त्रण रोकथाम क्वारेन्टाइनहरुमा व्यवस्थापन पक्ष देखि लिएर औषधी उपचार पक्ष समेतको व्यवस्थापन मिलाउन तदरुपता नदेखाएको कारणले गर्दा बजेटहरुलाई अहिलेको विषम पस्थितिमा पनि माटो तथा ग्राभेल जस्तो कार्यहरुमा पैसा खर्च गरी पैसाहरुलाई दुरुपयोग हुने तिर उन्मुख हुने अवस्थाको सिर्जना गरिरहेका छन्।

राजविराजको बजार क्षेत्रमा सामाजिक दुरी प्रयोग लगायत मास्क लगाउनु तथा अन्य सचेतनाको कार्यहरुमा स्थानीय सर्वसाधारणहरुले सक्रियता नदेखाएको अवस्था रहेको छ। त्यस्तै सप्तरीका अन्य बजारहरुमा पनि अहिले लकडाउन खुकुलो पारिएको सन्दर्भ लिएर भिडभाडको स्थिति सिर्जना गरी भाइरसको प्रकोपलाई झन् उग्ररुप लिन तिर उन्मुख भईरहेका छन्। सप्तरी जिल्लाको प्रदेश २ मा सामाजिक विकास मन्त्री लगायत सप्तरी जिल्लामा २ ओटा प्रदेशमा मन्त्री रहेको अवस्थामा कोरोना भाइरसको नियन्त्रण तथा रोकथाम लगायतका अन्य गतिविधिहरुमा सक्रियताको अभाव देखिएकोले समयमा सचेतनाको नितिहरुलाई अंगिकार नगर्दा तथा व्यापक चेकजाँच देखि लिएर क्वारेन्टाहरुको व्यवस्थापन आइसोलेसनको व्यवस्था लगायत भारतीय नाकाहरुबाट आउने नेपालीहरुको नाकामा नै चेक जाँच गरी क्वारेन्टाइनमा राख्ने पूर्ण व्यवस्था मिलाउनु अहिलेको अवस्था रहेको छ।

तसर्थ नाकाहरुबाट लुकीछिपी आउने सर्वसाधारणहरुलाई नाकामा रोकी क्वारेन्टाइनसम्म ल्याउने स्थानीय प्रशासनले पूर्ण रुपमा सक्रिय भुमिका खेल्नुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ। नत्र भोलीका दिनमा सप्तरीको यस्तो लापरवाही रहयो भने सप्तरीको अवस्था अवस्था झन् विकराल हुने स्पष्ट देखिन्छ।

# प्रदेश नं २ मा रु ३३ अर्ब ५६ करोडको बजेट सार्वजनिक

जनकपुरधाम, २ असार (रासस)।

प्रदेश नं २ सरकारले आर्थिक वर्ष २०७७/०७८ का लागि रु ३३ अर्ब ५६ करोड ९ लाख ९६ हजारको बजेट सार्वजनिक गरेको छ।

प्रदेशसभाको सोमबारको बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमार यादवले आर्थिक वर्ष २०७७/०७८ का लागि सार्वजनिक गर्नुभएको बजेटमा चालूतर्फ रु १५ अर्ब ४२ करोड २६ लाख ९८ हजार (४५.९५) प्रतिशत र पूँजीगततर्फ रु १७ अर्ब ९८ करोड ८२ लाख (५३.६७) र वित्तीय व्यवस्थातर्फ रु १६ करोड (०.४८ प्रतिशत) बजेट विनियोजन गरिएको छ।

आयतर्फ आन्तरिक स्रोतबाट रु १२ अर्ब २४ करोड २८ लाख ६० हजार, नेपाल सरकारबाट अनुदान रु १३ अर्ब ४० करोड ५९ हजार र नगद मौज्दात रु छ अर्ब ९१ करोड २९ हजार विनियोजन गरिएको छ। अपुग रु एक अर्ब अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको व्यवस्थाबमोजिम नेपाल सरकारसँग ऋण लिइ पूर्ति गरिने अनुमान गरेको मन्त्री यादवले जानकारी दिनुभयो।

सरकारले निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि रु दुई अर्ब ३५ करोड रकम विनियोजन गरिएको छ भने विपद् व्यवस्थापनका लागि रु पाँच करोड र कुपोषण न्यूनीकरणका लागि रु दुई करोड विनियोजन गरिएको छ। यसैगरी 'बेटी पढाऊ, बेटी पढाऊ' कार्यक्रमलाई निरन्तरता दिँदै २५ हजार छोरीलाई शिक्षा बीमा, मुद्दती कार्यक्रमका लागि रु ३० करोड ६४ लाख ७७ हजार र अन्य कार्यक्रमका लागि रु २४ करोड ८६ लाख विनियोजन गरिएको छ। स्वास्थ्य शिक्षा, कृषि, सूचना प्रविधिमा जोड दिँदै सरकारले गुणस्तरीय शिक्षाका लागि रु दुई करोड विनियोजन गरेको छ। त्यस्तै कोरोना भाइरस महामारी नियन्त्रण गर्न, कृषि क्षेत्रलाई आधुनिकीकरण, पर्यटनलगायतका क्षेत्रको विकासका लागि बजेट विनियोजन गरेको छ।

# एनसेलका डेटा र भ्वाइस प्याकहरू लिनअझै सहज

**दैनिक समाचारदाता**
**काठमाडौं, २ असार।**

एनसेलका ग्राहकहरूले अब अझै सजह रूपमा डिजिटल वालेटहरू र एनसेलका आधिकारिक खुद्राविक्रेताबाट सिधै डेटा र भ्वाइस प्याकहरू लिन सक्ने भएका छन्।

विविध सेवा तथा सुविधाहरूको प्रयोगका लागि अनलाइन भुक्तानी गर्न डिजिटल वालेटहरूको प्रयोग बढिरहेको अवस्थामा एनसेलले खल्ती, प्रभु-पे र युनी-पेसँग सहकार्य गरेको छ।

एनसेलले ग्राहकहरूलाई विश्वस्तरीय सेवा प्रदान गर्ने र देशको डिजिटल इकोसिस्टमको विकासमा योगदानमा पुऱ्याउने आफ्नो प्रतिबद्धता बमोजिम सेवाहरू किन्ने प्रक्रियालाई अझै सहज बनाएको हो। शुरुवाती चरणमा ग्राहकले यीवालेटमार्फत वावालेटसँग जोडिएको बैंक खाताबाट विभिन्न ६ वटा डेटा प्याक र ६ वटा भ्वाइस प्याक सुचारु गर्न सक्छन्।

"एनसेल डिजिटल प्रविधिमा अभ्यस्त हुँदै गएका ग्राहकहरूका आवश्यक्ता सम्बोधनका लागि उपयुक्त समाधान ल्याउन सधैं प्रयासरत छ।

ग्राहकले एनसेलका आधिकारिक खुद्रा विक्रेता, खल्ती, प्रभु-पे र युनी-पे मार्फत करसहित मात्र रु. ९८.९९ मा २,१०० एमबी डेटा किन्न सक्छन्। यो डेटा ग्राहकले प्रत्येकदिन ३०० एमबीका हिसाबले ७ दिनसम्म चलाउन सक्छन्। त्यस्तै करसहितमात्र रु. ४९८.८३ मा १५,००० एमबीलिन सकिन्छ। यो प्याकमा ग्राहकले

*बाँकी अन्तिम पृष्ठमा*

# प्रसुती गृहहरुमा स्वास्थ्य सामग्री उपकरणहरु प्रदान




**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

सेभ द चिल्ड्रेनको सहयोगमा सबल नेपाल राजविराजले सप्तरीको सुरुङ्गा नगरपालिका र खडक नगरपालिकाको विभिन्न वडाहरुमा रहेका ५ प्रसुती गृहहरुमा १२ लाख मुल्य बरावरको स्वास्थ्य सामग्री उपकरणहरु प्रदान गरेको छ ।

ती स्वास्थ्य सामग्री उपकरणहरु सम्बन्धीत नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत मार्फत स्वास्थ्य शाखा प्रमुखहरुलाई हस्तान्तरण गरिएको हो ।

दुवै नगरपालिकामा संचालित समुन्नती परियोजना अर्न्तगत मातृत्व तथा नवजात शिशु कार्यक्रम अन्तर्गत प्रसुतीगृहमा स्वास्थ्यकर्मीहरुलाई प्रसुती गराउने कार्यमा सहयोग हुने उद्देश्यका साथ ती सामाग्रि प्रदान गरिएको सबल नेपालले जनाएको छ ।

सबल नेपाल सप्तरीले खडक नगरपालिकामा रहेका प्रार्थमिक स्वास्थ्य केन्द्र (प्रसुतीगृह) कल्याणपुर, खोजपुर र बनरझुला र सुरुङ्गा नगरपालिका अर्न्तगतका प्रार्थमिक स्वास्थ्य केन्द्र (प्रसुतीगृह) कडरबोना र पिप्रापश्चिममा वेवीवार्मर, पि.पि.ई सेट, सेनिट्राईज ग्लोव, माक्स, गमवुट, के.एम.सी., र्‍यापर, रुम थर्मोमिटर, ग्यास सेट रुमहिटर, वेवी वेटिङ्ग मेसिन, आईभी स्टेन्ड, मेडिसिन ट्रली, वेवी व्याग, लगायतका प्रदान गरेको जनाइएको छ ।

करिब १२ लाख मुल्यबरावरको स्वास्थ्य उपकरणहरु नगर प्रमुख मुक्तिनाथ चौधरी, प्रमुख प्रशासकिय अधिकृत सहितका जिम्मेवार प्रतिनिधीहरुलाई हस्तारण गरेको सु.ना.पा.का भण्डार प्रमुख नायवसुब्बा टेक बहादुर खडकाले जानकारी दिएका छन् ।

यस्तै खडक नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत महिनारायण चौधरीले सामाग्री ग्रहण गर्दै विश्वव्यापी माहामारीको रुपमा फैलिएको कारोना भाईरस रोग नियन्त्रण तथा व्यवस्थापन गर्नकालागी सबल नेपाल सप्तरी र सेभ द चिल्ड्रेनले नियमित रुपमा बारम्वर लाखौ मुल्य बरावरको सामाग्रीहरु सर्पोट गरेको भन्दै, अन्य क्षेत्रमा पनी सहयोग गरिरहेको प्रति सहयोगी संस्थाहरु प्रति अभार प्रकट गरे ।

# विभिन्न माँगसहित काँग्रेसद्वारा प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

नेपाली काँग्रेस सप्तरीले मापदण्ड विपरीतका क्वारेन्टाइन संचालनमा रहेको, पिसिआर परिक्षण सुस्त गतिमा भइरहेको तथा विपन्न नागरिक भोकभोकै बस्न बाध्य भएको लगायतका विभिन्न माँगसहित मंगलबार प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र पठाएको छ ।

राजविराजस्थित पार्टी कार्यालयबाट काँग्रेस सभापति दिनेश कुमार यादवको नेतृत्वमा निस्केको जुलुस बजार परिक्रमा पश्चात् प्रमुख जिल्ला अधिकारी शंकर आचार्यमार्फत प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाएको हो ।

सभापति यादवले जनताको सरोकार र आवश्यकताको विषयलाई सम्बोधन गराउन तत्काल चाल्नु पर्ने कदमका सम्बन्धमा प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराउन पत्र बुझाएको बताए ।

कोरोना भाइरस संक्रमणका कारण बनेको परिस्थितीबारे ध्यनाकर्षण गराउन नेपाली काँग्रेसले मंगलबार देशैभर प्रदर्शनसहित ध्यानाकर्षण पत्र बुझाएको सो पार्टीले जनाएको छ ।




# वनले ५० हजार बोट बिरुवा बितरण गर्दै



**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

जिल्ला बन डिभिजन कार्यालय राजबिराजले राष्ट्रिय बृक्षारोपन बर्ष २०७६ अवसरमा ५० हजार बोट बिरुवा बितरण गर्ने कार्यक्रम सुरू गरेको छ ।

मंगलवारभकस्देखी डिभिजन कार्यालय राजबिराजवाट ३ हजार बोट बिरुवा सर्वसधारणलाई बितरण गरेको हो ।

डिभिजन कार्यालय प्रमुख संतोष कुमार झाका अनुसार कंचनरूप, महुली, रूपनी, कल्याणपुर, दौलतपुरस्थित सव डिभिजन कार्यालय मार्फत बोटबिरूवा बितरण गर्ने बताए ।

उनले भने घर घर मा बिरुवा पुरयाउने लक्ष्य अनुसार कदमाहा, सितापुर, महुली, कंचनपुर, रूपनी, दोलतपुर, तिलाठी राजबिराज पथरगाडा लगायत १० वटा नर्सरी वाट बिरुवा बितरण गर्ने जानकारी दिएका छन ।

बितरण गरिने फलफुलहरुमा आँप, लिचि, कागती लगायत बन बिरुवा महगनी, मसाला, टिक, गमहारी, बकैन, खैर आदि रहेको डिभिजन कार्यालयका लक्ष्मण साफीले जानकारी दिए ।

## एनसेलका डेटा ...

दैनिक ५०० एमबी डेटा ३० दिनसम्म पाउँछन् ।

डेटा सेवाको आवश्यकताअलि बढी रहेका ग्राहकले यी माध्यमबाट करसहित रु ९९८.९७ मा ३६,००० एमबी लिन सक्छन् । यस प्याकअन्तर्गत ग्राहकहरूले दैनिक रूपमा १२०० एमबी ३० दिन पाउँछन् । प्याक अन्तर्गत उपलब्धहुने डेटा भोलुम सकिएपनि प्याकको समयावधिबाँकी रहेसम्म मेन ब्यालेन्सबाट रकम काटिनेछैन ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*